**आकाशवाणी समाचार- नेपाली**

मितिः १७ मई २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**<u>प्रमुख समाचार</u>**

- पश्चिम बंगालमा, आरजी कर मेडिकल कलेज दुस्कर्म र हत्या मामिलाको सुनुवाइ कलकत्ता उच्च अदालतका न्यायाधीश शम्पा सरकार र न्यायाधीश तीर्थंकर घोषको डिभिजन बेन्चले गर्नेछ।
- दिल्लीको एक अदालतले नीट पेपर लीक मामलाका कथित मास्टरमाइन्ड पी.वी. कुलकर्णी र अर्का आरोपी मनिषा वाघमारेलाई १० दिनको सीबीआई हिरासतमा पठाइएको छ ।
- भाजपाका राष्ट्रिय प्रवक्ता, राजु बिष्टले प्रधानमन्त्री श्री नरेन्द्र मोदी र मुख्यमन्त्री श्री सुवेन्दु अधिकारीको नेतृत्वमा, जनतासँग गरिएका हरेक प्रतिज्ञाहरू पूरा गर्न प्रतिबद्ध छौँ भनि बताउनु भएको छ |
- **मुख्यमन्त्री शुभेन्दु अधिकारीको हत्या गर्ने उल्लेखित नक्कली ई-मेल पठाएको आरोपमा युवक पक्राउ|**
- मौसम विभागले पश्चिम बंगाल, सिक्किम, तमिलनाडु, पुडुचेरी, कराइकल, केरलम, माहे र दक्षिण भित्री कर्नाटकका केही ठाउँमा आगामी तीनदेखि चार दिनमा भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ ।

**<u>आरजी कर मेडिकल कलेज</u>**

पश्चिम बंगालमा, आरजी कर मेडिकल कलेज दुस्कर्म र हत्या मामिलाको सुनुवाइ कलकत्ता उच्च अदालतका न्यायाधीश शम्पा सरकार र न्यायाधीश तीर्थंकर घोषको डिभिजन बेन्चले गर्नेछ। यसअघि, न्यायाधीश राजा शेखर मन्था र रोय चट्टोपाध्यायले ११ मईमा मामिलाबाट आफूलाई अलग गरेका थिए। एकमात्र अभियुक्त संजय रोयलाई जनवरी २०२५ मा आजीवन कारावासको सजाय सुनाइएको थियो। यो मामिलाको अनुसन्धान केन्द्रीय अनुसन्धान ब्यूरो (सीबीआई) ले गरिरहेको छ। अनुसन्धान एजेन्सीले संजय रोयलाई मृत्युदण्डको माग गरेको थियो, जबकि उनले उनको रिहाइको लागि निवेदन दिएका थिए। पीडितका आमाबाबुले मामिलाको पुन: अनुसन्धानको माग गरेका छन्। मृतकका आमाबाबुले कोलकाताको सियालदह अदालतमा मामिला दायर गरेका छन्, जसमा तृणमूल कांग्रेसका पूर्व विधायक निर्मल घोष, संजीव मुखोपाध्याय र घोला पुलिस स्टेशनका तत्कालीन इन्चार्जलाई पक्राउ गर्न माग गरिएको छ। पीडितका आमाबाबुले पीडितको शवको दोस्रो पोस्टमार्टममा अवरोध गरेको र उचित प्रक्रियाहरू पालना नगरी हतारमा शवको दाहसंस्कार गरेको बताएका छन्।

**<u>दिल्ली अदालत - नीट हिरासत</u>**

दिल्लीको एक अदालतले नीट पेपर लीक मामलाका कथित मास्टरमाइन्ड पी.वी. कुलकर्णी र अर्का आरोपी मनिषा वाघमारेलाई १० दिनको सीबीआई हिरासतमा पठाइएको छ । विशेष सीबीआई न्यायाधीश अजय गुप्ताले कुलकर्णी र वाघमारेलाई सीबीआई हिरासतमा पठाएका थिए। एजेन्सीले भनेको छ कि अनुसन्धानका लागि दुवैलाई राष्ट्रिय राजधानीबाट बाहिर निकाल्नु र यो ठूलो षड्यन्त्रको अनुसन्धान गर्नु आवश्यक छ। विशेष सरकारी अभियोजक नीतू गुप्ता सीबीआईको तर्फबाट उपस्थित भएकी

थिइन् र दुई आरोपीहरूलाई सोधपुछका लागि १४ दिनको रिमाण्डको माग गरेकी थिइन्। कार्यवाहीको क्रममा सीबीआईले कुलकर्णी एक विषय विशेषज्ञ भएको र २०२६ को नीट स्नातक प्रश्नपत्र तयार गर्ने काममा संलग्न रहेको बताएको छ। सीबीआईका अनुसार सह-अभियुक्त धनन्जय लोखन्डेले मनिषा वाघमारेबाट लीक भएको सामग्री संकलन गरेका थिए। एजेन्सी र अभियुक्तका वकिलले पेश गरेको विस्तृत तर्कलाई ध्यानमा राख्दै अदालतले दुवैलाई १० दिनको लागि सीबीआई हिरासतमा पठाएको छ। सीबीआईका अनुसार कुलकर्णी राष्ट्रिय परीक्षण एजेन्सीको तर्फबाट परीक्षा प्रक्रियामा संलग्न रसायन विज्ञानका लेक्चरर थिए र कुलकर्णी प्रश्न पत्रमा पहुँच थियो।

**पश्चिम बंगाल जाति प्रमाण पत्र**

पश्चिम बंगाल सरकारले २०११ देखि राज्यमा जारी गरिएका सबै जाति प्रमाणपत्रहरूको अनुसन्धान गर्न आदेश दिएको छ। अधिकारीहरूले विगत १४ वर्षमा यी कागजातहरूको प्रामाणिकता र वैधतामाथि प्रश्न उठेको बताएका छन्।
यस अवधिमा, अनुसूचित जाति, अनुसूचित जनजाति र अन्य पिछडिएका वर्गका लागि लगभग १ करोड ६९ लाख जाति प्रमाणपत्र जारी गरिएको थियो। यी प्रमाणपत्रहरूमध्ये धेरैलाई **दुआरे सरकार** योजना अन्तर्गत प्रमाणपत्रहरू जारी गरिएको थियो। सूचीमा राज्यमा हालै गरिएको मतदाता सूचीको गहन पुनरीक्षणको क्रममा हटाइएका नामहरू पनि समावेश हुनेछन्।

**पुलिस वेलफेयर बोर्ड विघटन**

मुख्यमन्त्री शुभेन्दु अधिकारीले हिजो पुलिस वेलफेयर बोर्ड विघटनको घोषणा गर्नुभएको छ। दक्षिण २४ परगनास्थित डायमंड हार्बरमा आयोजित प्रशासनिक बैठकमा मुख्यमन्त्रीले राज्य अब "शासक होइन, कानूनको शासन" द्वारा शासित हुने बताउनुभयो।
मुख्यमन्त्रीले राज्य पुलिस र प्रशासनलाई राजनीतिक प्रभावबाट मुक्त गर्न चाहेको बताउनुभयो। उहाँले वाम मोर्चा र तृणमूल कांग्रेस सरकारको समयमा सत्तारुढ दलहरूको पुलिस प्रणालीमा प्रभाव रहेको आरोप लगाउनुभयो।
मुख्यमन्त्रीले नयाँ सरकारको उद्देश्य पुलिस प्रशासनलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्नु र निष्पक्ष र कानून अनुसार सञ्चालन गर्नु हो भनि बताउनुभयो।

मुख्यमन्त्रीको यो निर्णयलाई राज्यको प्रशासनिक र पुलिस प्रणालीमा ठूला परिवर्तनहरूको संकेतको रूपमा हेरिएको छ।

**राजु बिष्ट**

सिलिगुडी, माटिगाढा-नक्सलबाडी, फाँसीदेवा र डाबग्राम-फुलबारी निर्वाचन क्षेत्रहरूमा भाजपा (BJP) उम्मेदवारहरूको शानदार विजयको उत्सव मनाउन हिजो सिलिगुडीमा आयोजित भव्य "विजय यात्रा"-मा सामेल हुनुभएका दार्जीलिङ सांसद एवं भाजपाका राष्ट्रिय प्रवक्ता, राजु बिष्टले यो विजय जनताको हो भनि बताउनु हुदै यसले प्रगति र सकारात्मक परिवर्तनमा विश्वास राख्ने प्रत्येक नागरिकको आशा र सपनालाई प्रतिबिम्बित गर्दछ भनि बताउनु भयो। उहाँले सिलिगुडी, दार्जीलिङ पहाड, तराई र डुअर्सका प्रत्येक मतदाताले देखाउनुभएको अपार माया, भरोसा र समर्थनका लागि हार्दिक धन्यवाद व्यक्त गर्नु भयो। यस क्षेत्रका जनता भ्रष्टाचारमुक्त, अपराधमुक्त , इमानदार शासन, युवाहरूका लागि अवसर र एउटा राम्रो एवं उज्यालो भविष्य चाहन्छन भनि बताउनु हुदै श्री बिष्टले प्रधानमन्त्री श्री नरेन्द्र मोदी र मुख्यमन्त्री श्री सुवेन्दु अधिकारीको नेतृत्वमा, हामी जनतासँग गरिएका हरेक प्रतिज्ञाहरू पूरा गर्न प्रतिबद्ध छौँ भनि बताउनु भयो |

राम्रो पूर्वाधार र स्वास्थ्य सेवादेखि लिएर गुणस्तरीय शिक्षा, रोजगारीका अवसरहरू र समग्र विकाससम्म, हामी यस क्षेत्रका जनताका आकांक्षाहरू पूरा गर्न दोब्बर समर्पणका साथ निरन्तर काम गरिरहनेछौँ भनि श्री बिष्टले बताउनु भयो |

**मुख्यमन्त्री शुभेन्दु अधिकारीको हत्या गर्ने उल्लेखित नक्कली ई-मेल पठाएको आरोपमा युवक पक्राउ**

पश्चिम बङ्गालका मुख्यमन्त्री शुभेन्दु अधिकारीको हत्या गर्ने नक्कली ई-मेल पठाएको आरोपमा पुलिसले एकजना युवकलाई पक्राउ गरेको छ।

*शनिवार कोलकाता पुलिसको मुख्यालय लाल बजारमा आयोजित प्रेस कन्फ्रेन्समा मामिलाको खुलासा गर्दै , आरोपीले व्यक्तिगत शत्रुताको कारणले यो ई-मेल पठाएको बताएको छ । पक्रा पर्ने युवकको नाम हासनेम इकबाल रहेको बताइएको छ।*
*पुलिस अनुसार गत 14 मईमा भवानीपुर थानलाई एउटा ई-मेल प्राप्त भएको थियो जसमा दाबी गरिएको थियो, एकजना महिलाले मुख्यमन्त्री शुभेन्दु अदिकारीको हत्या गर्ने योजना बनाइरहेको छ। ई-मेलमा यो पनि उल्लेख गरिएको थियो, उक्त महिला आतङ्कवादी सङ्गठन अल-कायदासित जोड़िएकी छिन् र आत्मघाती हमलाको लागि बम बनाइरहेकी छिन् । ई-मेल पाउनसाथ पुलिसले सक्रिय भएर जाँच शुरू गरेका थिए । गार्डनरीच थानाको सहयोगले ई-मेल पठाउनेलाई चिन्हित गरिएको थियो ।*
*जाँचबुझमा आरोपीले स्वीकार गऱ्यो, ई-मेलमा दिइएको जानकारी पूर्ण रूपमा झुटो थियो। पुलिस मुताविक ई-मेलमा नाम उल्लेख गरिएको महिलाको आरोपीसित व्यक्तिगत विवाद भएको थियो र उसलाई फसाउनको लागि उसले यो षड़यन्त्र रचेको हो।*
*कोलकाता पुलिसले चेताउनी दिएको छ, भविष्यमा यस किसिमको जाली तथा भ्रामक ई-मेल पठाउनेहरूविरूद्ध कड़ा कानूनी कारबाही गरिनेछ ।*

## सिक्किम - स्थापना दिवस

सिक्किमले हिजो आफ्नो ५१औँ राज्य स्थापना दिवस भव्य रूपमा मनाएको छ। कार्यक्रममा उपराष्ट्रपति सीपी राधाकृष्णनको प्रमुख आतिथ्यता रहेको थियो । यस समारोहमा उत्तर पूर्वी क्षेत्रका सञ्चार तथा विकास मन्त्री श्री ज्योतिरादित्य एम. सिन्धिया पनि उपस्थित थिए।
उपराष्ट्रपतिले सिक्किमका जनतालाई बधाई दिनुभयो र राज्यका प्रथम मुख्यमन्त्री काजी लेन्डुप दोर्जीको सुशासनको दृष्टिकोणको उल्लेख गर्नुभयो। उहाँले सन् २०४७ सम्ममा विकसित भारतको लक्ष्य हासिल गर्न सिक्किमको योगदान महत्वपूर्ण हुने बताउनुभयो ।
श्री राधाकृष्णनले कयौ विकास परियोजनाहरुको वर्चुअल उद्घाटन पनि गर्नुभयो । संचार मंत्रीले एक वर्षको भित्र सेवक-रंगपो रेलवे परियोजनालाई पूरा गर्नका लागि केंद्रको प्रतिबद्धतालाई दोहराउनु भयो ।

## मौसम

मौसम विभागले दक्षिणपश्चिम मनसुन अरब सागर, बंगालको खाडी, अण्डमान सागर, अण्डमान र निकोबार द्वीप समूहको धेरै भागहरूमा अगाडि बढेको बताएको छ। विभागका अनुसार, दक्षिणपश्चिम मनसुन २६ मईमा केरलम पुग्ने अनुमान गरिएको छ। अण्डमान र निकोबार द्वीप समूहहरू, हिमालयको फेद, पश्चिम बंगाल, सिक्किम, तमिलनाडु, पुडुचेरी, कराइकल, केरलम, माहे र दक्षिण भित्री कर्नाटकका केही ठाउँमा आगामी तीनदेखि चार दिनमा भारी वर्षा हुने अनुमान गरिएको छ। विभागले आगामी दुई दिनमा बिहार, छत्तीसगढ, झारखण्ड, मध्य महाराष्ट्र, मराठवाडा, ओडिशा र रायलसीमा, तटीय आन्ध्र प्रदेश, कोंकण, गोवा, तेलंगाना, हिमाचल प्रदेश र उत्तराखण्डमा मेघगर्जनसहित वर्षा हुने पूर्वानुमान गरेको छ। भोलि मध्य प्रदेश, राजस्थान, उत्तर प्रदेश र विदर्भमा लू चल्ने अनुमान गरिएको छ।

****** ० ******